नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं

मितिः २०७९।०६।०६

पत्र संख्याः
चलानी नं.:

## प्रेस विज्ञप्ती

सामाजिक सुरक्षा कोषले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम संचालन गरेको तीन वर्षको अवधिमा योगदानकर्ताहरुको हितलाई ध्यान दिँदै विभिन्न योजनाहरुमा निरन्तर रुपमा सुधार गर्दै आएको सर्वविदितै छ । यसैको पछिल्लो श्रृंखलाको रुपमा सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५ को तेश्रो संशोधन र योगदानकर्ता सन्तति छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७९ श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयवाट मिति २०७९/०६/०५ मा स्वीकृत भएको व्यहोरा जानकारी गराउदछौं ।

कार्यविधिको तेश्रो संशोधन स्वीकृत भएको मितिले एकानव्वेऔं दिनवाट प्रारम्भ हुने व्यवस्था रहेको छ। यस संशोधनले हाल योगदानकर्ताले प्राप्त गर्दै आइरहेको औषधि उपचार सुविधा निजको पति वा पत्नि समेतले पाउने गरी व्यवस्था गरिएको छ। यसका साथै घातक रोगको औषधि उपचार सुरक्षा योजना अन्तरगत कोषमा कम्तिमा दुई बर्ष योगदान गर्ने योगदानकर्ताको कोरोनरी आर्टरी वाइपास वा ओपन हार्ट सर्जरी, मस्तिष्कघात, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, सिकलसेल एनिमिया र हेमोफेलिया वा थालासेमिया रोगहरुको लागि सेवा आवधिभर दश लाख सम्मको उपाचार खर्च समेत कोषले व्यहोर्ने व्यवस्था गरिएको छ। घातक रोगको औषधि उपचार सुविधा कोषमा कुनै योगदानकर्ताले योगदान गर्न छाडेको दुई बर्षसम्म लागू रहने व्यवस्थाका साथै कोषको बृद्धाअवस्था सुरक्षा योजना अन्तरगत निवृतभरण प्राप्त गर्ने योगदानकर्ताहरुले निवृतभरण प्रारम्भ भएको सात वर्ष सम्म घातक रोग सम्वन्धी सुविधा उपयोग गर्न सकिनेगरी विषेश व्यवस्था गरिएको छ।

सामाजिक सुरक्षा कार्यक्रमलाई थप विस्तार गर्दै लैजाने क्रममा योगदानकर्ताका सन्ततिहरुलाई चिकित्सा विज्ञान, ईन्जिनियरिङ्ग, नर्सिङ्ग, वन विज्ञान, कृषि विज्ञान र होटल तथा ट्राभल व्यवस्थापन विषयका लागि हरेक वर्ष प्रत्येक प्रदेशबाट १२ जनाका दरले जम्मा ८४ जनालाई छात्रवृत्ति प्रदान हुने व्यवस्था योगदानकर्ता सन्तति छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७९ मा गरिएको छ । योगदानकर्ता सन्तति छात्रवृत्ति कार्यक्रम आगामी शैक्षिक सत्र देखि लागु हुनुका साथै प्रतिव्यक्ति बढिमा रु पाँच लाखका दरले छात्रवृत्ति प्रदान हुने व्यवस्था यस कार्यविधिमा रहेको छ।

योगदानकर्ताको हितलाई सर्वोपरी ठान्दै कोषले विगतमा विभिन्न किसिमका सामाजिक सुरक्षाका योजनाहरु सञ्चालनमा ल्याएको छ । सामाजिक सुरक्षाका कार्यक्रमहरु थप विस्तार गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको प्रभावकारी कार्यान्वयनमा टेवा पुग्ने विश्वासका साथ आगामी दिनहरुमा समेत यस किसिमका कार्यक्रमहरुलाई निरन्तरता दिने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

विवेक पन्थी
प्रवक्ता

जि.स.स. भवन, बबरमहल, काठमाडौं, फोनः ०१-४२५५४६४, ४२५६३१५, ४२५६१४४, फ्याक्सः ०१-४२५५४६३
इमेलः info@ssf.gov.np, ssffund315@gmail.com, वेभः www.ssf.gov.np